## निर्णयहरु

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यक्रमबाट यस गाउँपालिकामा संचालन भएका देहायका योजनाहरु सम्पन्न भएको प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारिश समेतका आधारमा तपशिल बमोजिम भुक्तानी दिने तथा समयाभावका कारण सबै कामदारको खाता खोल्न नसकिने भएको हुँदा सम्बन्धित व्यक्तिलाइ भरपाई गराई नगदै भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम स्थान | वडा नं | आयोजनामा विनियोजन भएको बजेट | काम गरेका जम्मा कामदार | काम गरेको जम्मा दिन | टोली अनुसारको खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रिखे गोगने गैरीकटेरी कालापोखरा नाला निर्माण | १ | ३००००० | १५ | ११५ | ६९००० | |
| | | | | १५ | १२६ | ७५६०० | |
| | | | | १५ | ११० | ६६००० | |
| | | | | १५ | ६८ | ४०८०० | |
| | | | | १२ | ६१ | ३६६०० | |
| | **जम्मा** | | | | | **२८८०००** | |
| २ | सरस्वती प्रावि कोलचौर फिल्ड निर्माण | १ | २००००० | १६ | ९३ | ५५८०० | |
| | | | | १५ | ८५ | ५१००० | |
| | | | | १४ | ७५ | ४५००० | |
| | | | | ११ | ६७ | ४०२०० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| ३ | पञ्चकन्या आवि भवन मर्मत | २ | १००००० | १० | ६० | ३७८०० | रु.२२५६० सामग्री खरिदमा खर्च भएको |
| | | | | १० | ५८.५ | ३५१०० | |
| | **जम्मा** | | | | | **९५४६०** | |
| ४ | चौपारी गैरागिठी मो.बा.मर्मत सुधार | २ | २००००० | १५ | १०७ | ६४२०० | |
| | | | | १४ | १०८ | ६४८०० | |
| | | | | १५ | १०५ | ६३००० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| ५ | झाप्रेपानी चोरखोला मो.बा.निर्माण | २ | २००००० | १५ | १२० | ७२००० | |
| | | | | १५ | ८२ | ४९२०० | |
| | | | | १५ | ४९ | २९४०० | |
| | | | | १५ | ६९ | ४१४०० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| ६ | दाङचुली चैलकाँडा मो.बा.निर्माण | ३ | १००००० | १५ | ९० | ५४००० | |
| | | | १००००० | १४ | ७० | ४२००० | |
| | **जम्मा** | | | | | **९६०००** | |
| ७ | चिसेखोला कुलो मर्मत | ३ | १००००० | ६ | २७.५ | १६५०० | रु२४९६० सामग्री खरिदमा खर्च भएको |
| | | | | १५ | ९०.५ | ५४३०० | |
| | **जम्मा** | | | | | **९५७६०** | |
| ८ | ढुंगीबगर र लोटाउने बजार फोहोर व्यवस्थापन खाल्डो | ३ | ५०००० | १५ | ५६.५ | ३३९०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | |
| | | | | | ५६ | ३३६०० | |
| | | | | | | ६७५०० | |
| ९ | ढुंगीबगर पिमखोला टोड्के मो.बा.मर्मत | ३ | २००००० | १६ | १०३ | ६१८०० | |
| | | | | १५ | १०८ | ६४८०० | |
| | | | | ९ | २० | १२००० | |
| | | | | १५ | ८९ | ५३४०० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| १० | लुहाम मख्खनटाकुरी मो.बा.मर्मत | ४ | २००००० | १५ | १६६ | ९९६०० | |
| | | | | १५ | १५४ | ९२४०० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| ११ | कोष पिपल पुतलीदरबार मो.बा.मर्मत | ४ | ५०००० | ८ | ८० | ४८००० | |
| १२ | रेख मावि फिल्ड निर्माण | | २००००० | १५ | १७० | १०२००० | |
| | | | | १५ | १५० | ९०००० | |
| | **जम्मा** | | | | | **१९२०००** | |
| १३ | सल्लेखोला सिम्क मो.बा.मर्मत सुधार | ५ | २२५००० | १८ | १२६ | ७४४०० | |
| | | | | १८ | १०५.५ | ६३००० | |
| | | | | २२ | १३५.५ | ८१३०० | |
| | **जम्मा** | | | | | **२१८७००** | |
| १४ | वाहुनीमुल स्कुल हुँदै वडा कार्यालय मो.बा.मर्मत सुधार | ५ | २२५००० | १५ | ९७ | ५८२०० | |
| | | | | १५ | ६७ | ४०२०० | |
| | | | | १५ | ९५ | ५७००० | |
| | | | | १५ | ११० | ६६००० | |
| | **जम्मा** | | | | | **२२१४००** | |
| १५ | पोखरी बाहुनाचौर कुलो मर्मत | ६ | १००००० | १० | १२५ | ७५००० | बाँकी रु २५००० सामग्री खरिदमा खर्च भएको |
| १६ | मटिखन्नी कुलो मर्मत | ६ | २००००० | १० | २५२ | १५१२०० | बाँकी रकम सामग्री खरिदमा खर्च भएको |
| १७ | धैरेनी कुलो मर्मत | ६ | १००००० | १४ | १२४ | ७४००० | बाँकी रकम सामग्री खरिदमा खर्च भएको |
| १८ | हर्चनकाँडा खापा टंकी मर्मत | ६ | ५०००० | ८ | ६४ | ३८४०० | बाँकी रकम सामग्री खरिदमा खर्च भएको |

## निर्णय नं २,

प्रस्ताव नं. २ माथि छलफल गर्दा विभिन्न नियम कानून,कार्यविधि,मापदण्डहरुमा समय अनुसार हाल एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ र आर्थिक सहायता कार्यविधि,२०७५ देहायका अनुसार संसोधन गर्ने निर्णय गरियो ।

### तपशिल

(क) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

| क्र.स. | साविक दफा,उपदफा | साविक व्यवस्था | थप घट गर्नुपर्ने भए थप घट हुने दफा,उपदफा | थप वा संसोधन भएको व्यवस्था |
|---|---|---|---|---|
| १ | अनुसूचि १ को दफा १ | सेवा प्रदायक संस्थाबाट ५ कि.मि.क्षेत्रभित्र सेवा पुऱ्याउदा एकमुष्ट रु.५०० शेवा शुल्क लिने | अनुसूचि १ को दफा १ हटाउने | |
| २ | अनुसूचि १ को दफा ४ | त्रिवेणी गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुले सेवा प्रयोग गरेको अवस्थामा जम्मा सेवा शूल्कमा १० प्रतिशत छुट दिइने | अनुसूचि १ को दफा ४ | त्रिवेणी गाउँपालिका भित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुले एम्बुलेन्स सेवा प्रयोग गरेको अवस्थामा जम्मा सेवा शूल्कमा २० प्रतिशत छुट दिइने |

(ख) आर्थिक सहायता कार्यविधि,२०७५

| क्र.स. | साविक दफा,उपदफा | साविक व्यवस्था | थप गर्नुपर्ने भए थप हुने दफा,उपदफा | थप वा संसोधन भएको व्यवस्था |
|---|---|---|---|---|
| १ | दफा ६ को उपदफा(१) को खण्ड (क) | विपद व्यवस्थापन समितिको संयोजक –संयोजक | दफा ६ को उपदफा(१) को खण्ड (क) | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्षले तोकेको सोही समितिको सदस्य–संयोजक |
| २ | दफा ८ को उपदफा(१) | .... तर, अन्य संघ संस्थाबाट गाउँपालिकाले उपलब्ध गराउने भन्दा बढि आर्थिक सहायता पाएको रहेछ भने तोकिएको रकममा २५ प्रतिशत कम गरेर उपलब्ध गराउनु पर्नेछ । | दफा ८ को उपदफा(१) | उक्त वाक्यांस झिकि गाउँपालिकाबाट पाउने सुविधा एक पटकको लागि मात्र हुनेछ भन्ने वाक्यांस थप गर्ने |
| ३ | दफा ८ को उपदफा(१) खण्ड (क),(ख),(ग) र (घ) | आगलागि वा अन्य कारणले घर पूर्ण रुपमा क्षति भएमा रु.५०००।,आंशिक क्षति भएमा रु.३०००।,गोठ पूर्ण क्षति भएमा ३०००। आंशिक क्षति भएमा रु.२०००। | दफा ८ को उपदफा(१) खण्ड (क),(ख),(ग) र (घ) | आगलागि वा अन्य कारणले घर पूर्ण रुपमा क्षति भएमा रु.१०,०००का,आंशिक क्षति भएमा रु.५०००।,गोठ पूर्ण क्षति भएमा ३०००। आंशिक क्षति भएमा रु.२०००। |
| ४ | दफा ८ को उपदफा(१) खण्ड (ङ) | माथिको कारणबाट मानिसको मृत्यु भएमा किया खर्चवापत प्रति मृतक(२० वर्ष माथिको लागि मात्र) रु. ५०००। | दफा ८ को उपदफा(१) खण्ड (ङ) | प्राकृतिक प्रकोपको कारणबाट मानिसको मृत्यु भएमा राहात तथा क्रिया खर्चवापत प्रति मृतक रु. १००००। |
| ५ | | | दफा ८ को उपदफा(१) खण्ड (च) | प्राकृतिक प्रकोपको कारणबाट पशु चौपाय वा व्यवसायिक रुपमा पालेको पंक्षीजन्य प्राणिको मृत्यु भएमा आवश्यक प्रमाण कागजात बुझि समितिले निर्णय गरे अनुसारको राहात रकम । |

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षा समितिको मिति २०७६।२।३ गतेको निर्णय तथा २०७६।२।२४ को बैठकको देहायका शिफारिस सम्बन्धी विषयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) यस गाउँपालिका अर्न्तगत विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक र वि.व्य.स.हरुलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार यस शैक्षिक सत्रमा तपसिलका विद्यालयहरुको शैक्षिक उपलब्धिमा गत बिगत बर्षको तुलनामा सुधारोन्मुख अवस्था देखिएकोले ती विद्यालयहरुलाई आगामी श्रावन वा भाद्र महिनाको अनुकुल दिनमा कार्यक्रम गरी प्रमाणपत्र सहित देहायको रकम उपलब्ध गराई पुरुस्कृत गर्ने,

मा.वि. तर्फ

१. श्री ने.रा. मा.वि. रेख फलाबाङ :- प्रमाण पत्र र रु. २४०००।

<u>नि.मा.वि.तर्फ</u>

१. श्री पशुपति आ. वि. भुम्केज्यूला:- प्रमाण पत्र र रु.१९०००।

२. श्री सरस्वती आ.वि. ठुलाचौर :- प्रमाण पत्र र रु.१९०००।

प्रा.वि. तर्फ

१. श्री पंञ्चकन्या प्रा.वि. राजागिठी:- प्रमाण पत्र र रु.१४०००।

(ख) यस चालु आ.व.मा शिक्षा क्षेत्रमा विनियोजन भएको बजेटमा देहायका शिर्षकहरुको रकम खर्च हुन नसकेकोले ती शिर्षकहरुको रकम त्रिवेणी गा.पा.को गाउँ शिक्षा विकास कोषमा लैजाने र सो रकम कार्याविधि अनुसार विद्यालयका अति आवश्यक कार्यमा खर्च गर्ने,

<u>तपसिल</u>

| क्र.स. | शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वाल शिक्षक पारिश्रमिक | रु. ६२४०००। | |
| २ | भर्ना अभियान | रु. ३५०००। | |
| ३ | नि शुल्क शैक्षिक सामग्री र विद्यालय पोशाक | रु.३७५००। | |
| ४ | विद्यार्थीहरुको लागि पठनसीप विकास कार्यशाला | रु.७००००। | |
| ५ | नमुना विद्यालयमा फर्निचर लगायत आवश्यक सहयोग कार्यक्रम | रु.८६४००। | |

| | | | |
|---|---|---|---|
| ६ | शैक्षिक प्रोफाईल | रु.३००००। | |
| | जम्मा रु. | रु. ८८२९००। | |

(ग) यस गाउँपालिमा क्रमश: प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्र स्थापना एवं संचालन गर्ने नीति अनुरुप त्रिवेणी गा. पा. को ३ नं वडा बाट सितलनगर सा. सि. केन्द्र र ६ न.वडा बाट त्रिवेणी धाम सा. सि. केन्द्र संचालन गर्न अनुमति पाऊ भनि यस कार्यालयमा निवेदन पेश भएकोले ती वडाहरुमा उक्त सिकाई केन्द्र संचालन गर्न अनुमति प्रदान गरी ततत् सिकाई केन्द्रहरुलाई एकमुष्ठ रु १/ १ लाख रकम उपलब्ध गराउने,

(घ) यस गाउँ कार्यपालिकाको पुर्व निर्णय अनुसार श्री जनता मा. वि. त्रिवेणी- १ रिठाचौर, सल्यान नमूना विद्यालयको रुपमा छनौट भईसकेको हुँदा यस गा. पा. मा प्राप्त भएको नमूना विद्यालय अनुदान रकम रु १ करोड ५० लाख उक्त विद्यालयलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।

**(ङ)** राधेश्याम मा.वि. त्रिवेणी २ गैरागिठीमा कार्यरत वाल विकास शिक्षक हरी कुमारी पुनको गत आ. व. ०७४।०७५ को चैत देखि असार महिना सम्मको तेस्रो चौमासिकको त.भ. छुट भएकोले सो अवधिको त.भ. उपलब्ध गराउन कार्यपालिकामा सिफारिस गर्ने,

(च) ने. रा. मा. वि. रेख, फलाबाङको मा. वि. तहमा यगराज खड्का नेपाली विषयको सट्टा शिक्षकमा कार्यरत रहेको र शिक्षक दलबहादुर राना आफ्नो दरबन्दीमा हाजिर भएको सन्दर्भमा उक्त विद्यालयमा नेपाली विषय अध्यापनको लागि हाल निजलाई काममा लगाइराख्न आवश्यक देखिएकोले निजको २०७६।०३।०२ देखि ०७६ असार मसान्त सम्मको त.भ. उपलब्ध गराउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने,।

**निर्णय नं ४,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिका क्षेत्र भित्र मदिरा विक्रि वितरण कार्यलाई नियमित गर्न सो कार्यको अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य गर्नको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय सल्यानको च.न.३८८ मिति २०७६।३।२० को पत्रबाट अनुरोध भई आए अनुसार जिल्ला उद्योग वाणिज्यसंघ सल्यानको सहजीकरणमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ५ सदस्यीय अनुगमन तथा नियन्त्रण समिति गठन गरिएको हुदा सो समितिलाई क्रियाशिल बनाउन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा पिमखोला सडकको रिठाबोट खण्डमा ह्यूम पाइप हाल्नको लागि वर्षातको कारण सडक विग्री अवरोध भएकोले सडक सफा गर्नुपर्ने अवस्था आएको र उक्त काम कार्यालयबाट अमानतमा डोजरको मिटर रिडिङ सिष्टमको आधारमा सम्पादन गर्ने निर्णय गरियो **निर्णय नं ६,**

प्रस्ताव नं ७ माथि छलफल गर्दा गाउँपालिकाको भवन निर्माण प्रयोजनको लागि गाउँकार्यपालिकाको मिति २०७६।३।१७ गतेको निर्णयानुसार स्वीकृत गरिएको सिलबन्दि निवेदन (दरभाउपत्र) अनुसार निवेदक श्री रेमु श्रेष्ठबाट छायक्षेत्र १ कि.न.३११३ बाट मिति २०७६।३।२३ गते कित्ता काट गरी कि.नं ३१६२ क्षे.फ.४-०-०-० (चार रोपनी) जग्गा गाउँपालिकाको नाममा रजिष्ट्रेशन पारित भई आएकोले प्रति रोपनी ४९९५००। का दरले हुन आउने जम्मा रु.१९९८०००। (उन्नाइस लाख अन्ठानब्बे हजार रुपयाँ मात्र) निज सिलबन्दि निवेदक(दरभाउपत्रदाता) लाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघको च.न.१२१,२०७५।७६ मिति २०७६।२।१५ गतेको पत्रानुसार माग भई आएको चालु आ.व.को सदस्यता शूल्क वापतको रु.२०,०००। भुक्तानी दिने निर्णय गरियो ।